**प्रस्तावहरुः**

२०७९।०८०-०८।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा।

२०७९।०८०-०८।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०७९।०८०-०८।०३ बाह्रौ गाउँसभाको समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०८।०४ शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२०७९।०८०-०८।०५ सडक बोर्डको बजेटको लागी साझेदारी बापतको रकम विनियोजन गर्ने सम्बन्धमा ।

२०७९।०८०-०८।०६ वडा नं १, ४ र ५ को कार्यालय जोड्ने सडक निर्माण क्रमागत योजनाको म्याद थप सम्बन्धमा ।

२०७९।०८०-०८।०७ वडा कार्यालय भवन निर्माण वडा नं २ क्रमागत योजनाको म्याद थप सम्बन्धमा ।

२०७९।०८०-०८।०८ विविध सम्बन्धमाः

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०१**

प्रस्ताव नं २०७९।०८०-०८।०१ माथी छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन सम्बन्धमा वडागत रिपोर्टिङ्ग सहित समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०२**

प्रस्ताव नं २०७९।०८०-०८।०२ माथी छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा बार्षिक कार्यतालिका परिमार्जनको लागी पेश गराउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाइ निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०३**

प्रस्ताव नं २०७९।०८०-०८।०३ माथी छलफल गर्दा बाह्रौ गाउँसभाको समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०४**

प्रस्ताव नं २०७९।०८०-०८।०४ माथी छलफल गर्दा निम्नानुसारको शोक प्रस्ताव पारित गर्नेः

निम्नः

मिति २०७९ माघ १ गते विहान १०:३२ बजे काठमाडौं बाट पोखरा आउदै गरेको यति एयरलाइन्सको 9N ANC, ATR 72 विमान पोखरा १५ सेतीनदी खोंचमा दुर्घटनाग्रस्त भइ दिवंगत

रूपा गाउँपलिका वडा नं. ३ स्थायी निवासी बाबु श्री विरेन्द्र बहादुर र आमा मिना केसीका जेष्ठ सुपुत्र वर्ष ५९ का **क्याप्टेन कमल केसी** गाउँपालिकाकै पहिलो पाइलट एवं प्रशिक्षक समेत रहनुभएका केसी अमेरिकाबाट पाइलट पढेर आएपछी वि.स. २०४६ मा नेपाल वायुसेवा निगमबाट करियर सुरु गर्नुभएकोमा जागिरको दौरानमा भारतको बैंगलोरमा इन्डियन एयरलाइन्सको विमान चलाएका अनुभवी प्रशिक्षक पछिल्लो समय यति एयरलाइन्ससँग आवद्ध हुनुहुन्थ्यो । गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल भैरहवा र पोखरा अन्तराष्ट्रिय विमानस्थलमा समेत पहिलो परीक्षण उडान भर्नुभएका केसीको मृत्युले गाउँपालिकालाइ अपुरणीय क्षति पुगेको छ । गाउँपालिकाले चौथो स्थापना दिवसको अवसरमा **रूपा रत्न सम्मान-२०७८** बाट समेत सम्मान गरिसकेकोमा आज मिति २०७९।१०।३ को कार्यपालिकाको बैठकबाट माघ ३ गते पालिकाभित्रका सवै वडा कार्यालयहरुमा ७२ वटा दिप प्रज्वलन गरी, राष्ट्रिय झण्डा तीनदिन आधा झुकाउने, केसीको नाममा अर्धकदको शालिक सहित पार्क निर्माण गरी ७२ जनाको शिलालेखमा नाम समावेश गर्ने तथा स्थानीय पाठ्यपुस्तकमा केसीको बारेमा समावेश गराउने निर्णय सहित स्व. कमल केसी लगायत मृत्युवरण गर्नुभएका ७२ जनाप्रति हार्द्धिक श्रद्धाञ्जली सहित शोक सन्तप्त परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०५</u>**

प्रस्ताव नं २०७९।०८०-०८।०५ माथी छलफल गर्दा सडक बोर्डको बजेटको लागी साझेदारी बापतको रकमको लागि आगामी गाउँसभामा निर्णय अनुमोदन गर्ने गरी बजेट साझेदारीको प्रतिवद्धता सहितको पत्राचार गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०६</u>**

प्रस्ताव नं २०७९।०८०-०८।०६ माथी छलफल गर्दा वडा नं १, ४ र ५ को कार्यालय जोड्ने सडक ठेक्काको म्याद थप सम्बन्धमा निम्नानुसार निर्णय गर्ने:

निम्नः

क) ठेक्का नं 10 / Rupa / NCB / WORKS / 20758/ 2079, Upgrading, of Ramkot Ramadi Road Second part को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Aava Builders Put Ltd विच मिति २०७९।१।२३ गते भएको सम्झौताअनुसार निर्माण कार्य सम्झौता भएको मितिले छ महिनाभित्र सम्पन्न हुन नसकी कार्यपालिकाको मिति २०७९ कार्तिक ६ गतेको बैठकको निर्णयअनुसार मिति २०७९ माघ १६ गतेसम्मको लागी म्याद थप भएकोमा सो समयसिमामा पनि देशभरका क्रसर उद्योगहरु बन्द भइ ढलानमा चाहिने गिट्टी बालुवा अभावका कारण सम्पूर्ण कार्य समयमा नसकिने कारण देखाइ मिति २०७९ पुस २४ गते निर्माण व्यवसायीको तर्फबाट म्याद थपको निवेदन पेश गरेकोमा हाल सडक ढलानको कार्य

नियमित रूपमा भैरहेकोले गाउँपालिकालाइ थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०७९ चैत्र मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

ख) ठेक्का नं 9 / RUPA / NCB /WORKS / 2078/079, Upgrading of Rupa Rural Municipality word - 4 Connecting Road (Second phase) को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Eco zone Architect and Construction Pvt.Ltd. विच मिति २०७९।१।२३ गते भएको सम्झौताअनुसार निर्माण कार्य सम्झौता भएको मितिले छ महिनाभित्र सम्पन्न हुन नसकी कार्यपालिकाको मिति २०७९ कार्तिक ६ गतेको बैठकको निर्णयअनुसार मिति २०७९ माघ १६ गतेसम्मको लागी म्याद थप भएकोमा सो समयसिमामा पनि देशभरका क्रसर उद्योगहरु बन्द भइ ढलानमा चाहिने गिट्टी बालुवा अभावका कारण सम्पूर्ण कार्य समयमा नसकिने कारण देखाइ मिति २०७९ पुस २२ गते निर्माण व्यवसायीको तर्फबाट म्याद थपको निवेदन पेश गरेकोमा हाल सडक ढलानको कार्य नियमित रूपमा भैरहेकोले गाउँपालिकालाइ थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०७९ चैत्र मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

ग) ठेक्का नं 8 / RUPA / NCB /WORKS / 2078/079, Upgrading (P.C.C. works) of Section of Rupakot- Thumki - Pulchowk Road at Rupa Rural Municipality को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Eco zone Architect and Construction Pvt.Ltd विच मिति २०७९।१।१६ गते भएको सम्झौताअनुसार निर्माण कार्य सम्झौता भएको मितिले छ महिनाभित्र सम्पन्न हुन नसकी कार्यपालिकाको मिति २०७९ कार्तिक ६ गतेको बैठकको निर्णयअनुसार मिति २०७९ माघ १६ गतेसम्मको लागी म्याद थप भएकोमा सो समयसिमामा पनि देशभरका क्रसर उद्योगहरु बन्द भइ ढलानमा चाहिने गिट्टी बालुवा अभावका कारण सम्पूर्ण कार्य समयमा नसकिने कारण देखाइ मिति २०७९ पुस २२ गते निर्माण व्यवसायीको तर्फबाट म्याद थपको निवेदन पेश गरेकोमा हाल सडक ढलानको कार्य नियमित रूपमा भैरहेकोले गाउँपालिकालाइ थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८० बैशाख मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०७**

प्रस्ताव नं २०७९।०८०-०८।०७ माथी छ्लफल गर्दा ठेक्का नं 5 / Rupa / NCB / WORKS / 2078/ 2079, Construction of ward no-2 Administrative Building at Rupa Rural Municipality को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Kashyap Nirman Sewa And Suppliers Pvt. Ltd विच मिति २०७८।१०।२४ गते भएको सम्झौताअनुसार निर्माण कार्य सम्झौता भएको मितिले १२ महिनाभित्र सम्पन्न हुन नसकी निर्माणस्थलमा थ्री फेजको विद्युतिय पोल नेपाल विद्युत प्राधिकरणबाट समयमै नहटाएको कारण देखाइ मिति

२०७९ माघ २ गते निर्माण व्यवसायीको तर्फबाट म्याद थपको निवेदन पेश गरेकोमा हाल निर्माण कार्य नियमित रूपमा भैरहेकोले गाउँपालिकालाइ थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८० असार २० गतेसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०८।०८**

प्रस्ताव नं २०७९।०८०-०८।०८ माथी छलफल गर्दा निम्नानुसारको निर्णयहरु गर्ने:

निम्न:

क) रूपा गाउँपालिका कास्कीको जलश्रोत नियमावली तर्जुमाको लागी विधेयक समितिलाइ निर्देशन दिने ।

ख) आगामी दिनमा कस्ता कस्ता व्यक्तिहरुलाइ सम्मान गर्ने सम्बन्धमा राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा योगदान पुर्याएका व्यक्तित्वहरु जसमध्ये नियमित कालगतिले मृत्युबरण भएका व्यक्तिहरूभन्दा पनि आकस्मिक घटनाबाट मृत्यु भएका व्यक्तिहरुलाइ र **रूपा रत्न** सम्मानबाट सम्मानित भएका व्यक्तित्वहरुलाइ कार्यपालिका बैठकबाट शोक प्रस्तावसहित सम्मान गर्ने ।

ग) आजको बैठक समापन गर्ने ।

मिति २०७९ माघ ३ गते मंगलबार बसेको १२८ औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका